राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक १४ २०८२ साउन १५ गते विहिवार (31 July 2025) पृष्ठ ४ मूल्य रू. ३।-

## राजेश अहिराजलाई थुनामा पठाउन आदेश



दैनिक समाचारदाता

काठमाडौं, १४ साउन । मधेस प्रदेशका पूर्वप्रमुख राजेश झा (अहिराज) लाई अदालतले पुर्पक्षका लागि थुनामा पठाउन आदेश गरेको छ । काठमाडौं जिल्ला अदालतका न्यायाधीश पीताम्बर शर्माले उनलाई थुनामा पठाउन आदेश गरेका हुन् ।

जबरजस्ती करणी मुद्दामा अनुसन्धान गर्न प्रहरीले उनलाई साउन ४ मा पक्राउ गरेको थियो । २३ वर्षीया युवतीले आफूलाई अहिराजले बानेश्वरस्थित डेरामा आएर घाँटी र मुख थिचेर बलात्कार गरेको जाहेरी दिएकी थिइन् ।

बुधबार थुनछेक बहसपछि न्यायाधीशले उनलाई पुर्पक्षका लागि कारागार पठाउन आदेश गरेका हुन् । २०८१ जेठ ४ मा डेरामा आएर अहिराजले बलात्कार गरेको पीडित युवतीले दावी गरेकी थिइन् । अहिराजलाई पीडितले १७ वर्षको उमेरमा विराटनगरमा चिनेकी थिइन् । बलात्कार गरेपछि अहिराजले धम्की दिएको पीडितको भनाइ छ । 'बलात्कार गरेपछि तँ मधेसी परिवारको छोरी होस यो घटना कसैलाई भनिस् भने तँलाई कसैले विवाह गर्दैन भन्नुभयो' पीडितले जाहेरीमा लेखेकी थिइन्, 'त्यसपछि उजुरी नगर्न बारम्बार धम्की दिनु भो ।'

## १२ करोड ठगी मुद्दाका फरार पक्राउ

दैनिक समाचारदाता

काठमाडौं, १४ साउन । १२ करोड रुपैयाँभन्दा बढी ठगी गरेको आरोपमा फरार रहेका सविन उप्रेती पक्राउ परेका छन्। रामेछाप खाँडादेवी गाउँपालिका-५, पकरबास स्थायी घर भई हाल भक्तपुर सूर्यविनायक नगरपालिका-४, दधिकोट बसोबास गर्दै आएका ४२ वर्षीय उप्रेतीलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको टोलीले पक्राउ गरेको हो।

भीम बहादुर कार्की लगायतको जाहेरीका आधारमा नेपाल सरकार वादी रहेको ठगी (सहकारी ऐन अन्तर्गतको कसुर) सम्बन्धी मुद्दामा उप्रेती फरार रहेका थिए । उनलाई साउन १३ गते दिउँसो करिब ४ बजे दधिकोटस्थित घरबाट पक्राउ गरिएको अनुसन्धान कार्यालयले बुधबार जनाएको छ।

पक्राउपछि उनलाई आवश्यक कानुनी कारबाहीका लागि काठमाडौं जिल्ला अदालत पठाइएको अपराध अनुसन्धान कार्यालयले जनाएको छ।

### मानव बेचबिखनविरुद्ध राष्ट्रिय प्रतिवेदन परामर्श

## 'मानव बेचबिखनको प्रमुख कारण गरिबी र अशिक्ष'





दैनिक समाचारदाता

जनकपुरधाम, १४ साउन । नेपालमा मानव बेचबिखन दिनप्रतिदिन गम्भीर सामाजिक संकटको रूपमा विकसित हुँदै गएको छ । पछिल्लो तथ्याङ्क अनुसार, प्रत्येक महिनामा झण्डै सयौंको हाराहारीमा मानिसहरू मानव बेचबिखनको सिकार हुने गरेका छन् । यस्तो भयावह अवस्थालाई नियन्त्रण गर्न राज्यको तर्फबाट अपेक्षित प्रयास नहुनु चिन्ताको विषय बनेको सरोकारवालाहरू बताउँछन् ।

जनकपुरधाममा राष्ट्रिय मानव अधिकार आयोगले बुधबार आयोजना गरेको 'मानव बेचबिखनविरुद्ध राष्ट्रिय प्रतिवेदन परामर्श कार्यक्रम' मा सहभागी वक्ताहरूले मानव बेचबिखनको चुनौती र समाधानका उपायबारे महत्वपूर्ण धारणा व्यक्त गरेका छन् ।

कार्यक्रममा मधेश प्रदेश प्रहरी प्रमुख डिआईजी उमा प्रसाद चतुर्वेदीले भने, "मानव बेचबिखनको प्रमुख कारण अशिक्षा, गरिबी र जनचेतनाको अभाव हो ।"

उहाँले थप्नुभयो, "धार्मिक स्थल घुमाउने, उपचार गराउने, रोजगारी दिने जस्ता प्रलोभन देखाएर मानिसहरूलाई भारतका विभिन्न सहरमा बेच्ने गरिएको पाइन्छ । यसमा गाउँदेखि शहर, सीमा नाका र होटलसम्मको संगठित सेटिङ सक्रिय देखिन्छ । यस्तो सेटिङ भारत, चीनलगायतका देशहरूमा समेत फैलिएको छ ।"

डिआईजी चतुर्वेदीका अनुसार भैरहवा नाकाबाट सबैभन्दा बढी लागुऔषधको कारोबार हुने गरेको छ भने लागुऔषध र वैदेशिक रोजगारको आडमा समेत मानव बेचबिखन भइरहेका छन् । यसका लागि वर्तमान कानुनी व्यवस्थामा सुधार आवश्यक रहेको उहाँको भनाइ थियो ।

उहाँले थप खुलासा गर्दै भन्नुभयो, 'भारतका दिल्ली, कोलकाता, चेन्नई, मुम्बईजस्ता ठूला सहरहरूमा नेपालीहरूको एक आपराधिक नेटवर्क सक्रिय छ, जसले मानव बेचबिखनमा संलग्नता जनाइरहेको छ । नेपालबाट दैनिक सञ्चालन हुने ४२ वटा नाइट बसहरूमार्फत समेत मानव बेचबिखन हुने गरेको छ ।'

मानव बेचबिखन नियन्त्रणका लागि नयाँ सोच र प्रविधिमैत्री उपाय आवश्यक रहेको बताउँदै डिआईजी चतुर्वेदीले प्रत्येक टोलटोल र गाउँगाउँमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा प्रस्तुत प्रतिवेदनअनुसार, नेपालमा वार्षिक करिब १ लाख १९ हजार मानिसहरू मानव बेचबिखनको जोखिममा छन् । राष्ट्रिय मानव अधिकार आयोगका उपसचिव लोकनाथ बास्तौलाले तयार गरिरहेको सो प्रतिवेदनलाई गहिरो अनुसन्धान र बहसको आधारमा अन्तिम रूप दिने तयारी भइरहेको जानकारी दिनुभयो । उहाँले मधेश, कोशी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशमा सुझाव संकलन गरेर प्रतिवेदनमा समावेश गरिने बताउनुभयो ।

राष्ट्रिय मानव अधिकार आयोगका प्रदेश संयोजक बुद्धनारायण साहनीको अध्यक्षतामा भएको सो कार्यक्रमका प्रमुख अतिथि महिला, बालबालिका तथा सामाजिक न्याय समितिकी सभापति रुपा यादवले मानव बेचबिखन समाजको ठूलो विकृति भएको उल्लेख गर्दै यसको नियन्त्रणका लागि मधेश प्रदेश सरकार गम्भीर रहेको बताउनुभयो । उहाँले यस सम्बन्धमा कानुन निर्माणका लागि आफैंले पहल गर्ने प्रतिवद्धता जनाउनुभयो । "शिक्षा र आर्थिक सशक्तीकरण मार्फत मानव बेचबिखन अन्त्य गर्नुपर्ने आवश्यकतामा हामी गम्भीर छौं," उहाँले भन्नुभयो ।

धनुषाका प्रमुख जिल्ला अधिकारी शंकरहरि आचार्यले वैदेशिक रोजगारीमा सबैभन्दा बढी धनुषाबाटै मानिस जाने गरेको उल्लेख गर्दै, "गत वर्ष मात्र धनुषामा ५१ हजार पासपोर्ट जारी भएका छन्," भन्नुभयो । विगत तीन वर्षमा जिल्लामा १० वटा मानव बेचबिखन

बाँकी पृष्ठ ४मा

## एक वर्षमा १,४०१ नेपालीको मृत्यु, सरकारबाट एक अर्बभन्दा बढी राहत वितरण



| | |
|---|---|
| २० वर्षभन्दा कम उमेरका: २९ जना | ५१-५५ वर्षका : ७१ जना |
| २१-२५ वर्षका : १७२ जना | ५६-६० वर्षका : २४ जना |
| ३१-३५ वर्षका : २२६ जना | ६१-६५ वर्षका : १२ जना |
| ३६-४० वर्षका : २२५ जना | ६६-७० वर्षका : १२ जना |
| ४१-४५ वर्षका : २१५ जना | ७० वर्षभन्दा माथिका: ६५ जना |
| ४६-५० वर्षका : ११७ जना | |

दैनिक समाचारदाता

काठमाडौं १४ साउन । पछिल्लो एक वर्षमा वैदेशिक रोजगारीमा ज्यान गुमाएका एक हजार ४०१ जनाको शव परिवारलाई बुझाइएको नेपाल प्रहरीले जनाएको छ ।

गत आर्थिक वर्ष २०८१/०८२ मा वैदेशिक रोजगारीका क्रममा ज्यान गुमाएका नेपालीहरूको शव सम्बन्धित परिवारलाई बुझाइएको जनाएको हो ।

प्रहरीको तथ्यांक अनुसार सबैभन्दा बढी मृत्यु हुनेमा २६ देखि ३० वर्ष उमेर समूहका युवाहरू रहेका छन् । यस उमेर समूहका २३३ जनाको शव नेपाल ल्याएर परिवारलाई बुझाइएको छ ।

त्यस्तै २० वर्षभन्दा कम उमेरका २९ जना, २१ देखि २५ वर्षका १७२ जना, ३१ देखि ३५ वर्षका २२६ जना, र ३६ देखि ४० वर्षका २२५ जनाको शव नेपाल ल्याइएको छ ।

४१ देखि ४५ वर्षका २१५ जना, ४६ देखि ५० वर्षका ११७ जना, र ५१ देखि ५५ वर्षका ७१ जना रहेका छन् ।

त्यसैगरी ५६ देखि ६० वर्षका २४ जना, ६१ देखि ६५ वर्षका १२ जना, ६६ देखि ७० वर्षका १२ जना र ७० वर्षभन्दा माथिको उमेर समूहका ६५ जनाको शव नेपाल ल्याएर परिवारलाई हस्तान्तरण गरिएको हो ।


तथ्यांक अनुसार देशको सबैभन्दा उत्पादनशील र सक्रिय युवा जनशक्तिले विदेशमा ज्यान गुमाइरहेको छ ।

यो अवधिमा वैदेशिक रोजगार विभागले ४८१ जनाको शव झिकाएको थियो भने एक हजार ८६ शव घरसम्म पुऱ्याएको थियो ।

विभागले एक वर्षको अवधिमा एक हजार ५१७ जना मृतक कामदारका परिवारलाई एक अर्ब २ करोड ३४ लाख रूपैयाँ आर्थिक सहायता प्रदान गरेको जनाएको छ ।

वैदेशिक रोजगारीको क्रममा मृत्यु भएका मृतकका परिवारलाई सरकारले १० लाख रूपैयाँ राहत दिँदै आएको छ ।

अब अनलाइनबाट बुकिङ्गको सुविधा





- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्गको लागि


www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका
वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका
वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020



## सम्पादकीय

# चुरे संरक्षणको चेतावनी र भूमि विधेयकको चुनौती

चुरे संरक्षणका क्षेत्रमा विगत लामो समयदेखि क्रियाशील अभियन्ता सुनिल यादवले जनकपुरधाममा गरेको सांकेतिक प्रदर्शनले हामी सबैलाई सोच्न बाध्य बनाएको छ। आँखामा कालोपट्टी बाँधेर नगर परिक्रमा गर्दै गरिएको मौन यात्रा केवल एक प्रदर्शन मात्र थिएन, त्यो त राज्य र समाजप्रति दिएको एक गम्भीर सन्देश थियो–हामी चुप छौं, तर अन्धा छैनौं ।

प्रतिनिधिसभामा छलफलमा रहेको भूमि व्यवस्थापनसम्बन्धी विधेयकप्रति यादवको असहमति केवल एउटा व्यक्तिगत असन्तुष्टि होइन। यो असहमति चुरे क्षेत्र र सम्पूर्ण मधेशको वातावरणीय भविष्यसँग गाँसिएको छ। विधेयक पारित भएमा भू–माफियाहरूको प्रवेश चुरे क्षेत्रसम्म सजिलै हुनेछ, जसले गर्दा त्यो संवेदनशील क्षेत्रको द्रुत दोहन हुने सम्भावना प्रबल देखिन्छ।

चुरे केवल एउटा भूभाग होइन–यो मधेशको जलस्रोतको आधार हो। त्यहाँको हरियाली र माटो नै मधेशका खोलानालाहरूको मुहान हो, जसले कृषि, जीविकोपार्जन र सम्पूर्ण पारिस्थितिक प्रणालीलाई जोगाइरहेको छ। तर, हालका वर्षहरूमा अत्यधिक उत्खनन, अवैध दोहन र नियमनहीन विकास योजनाहरूका कारण चुरे क्षेत्र खतराको सीमामा पुगेको छ। यसको प्रत्यक्ष प्रभाव–जलस्रोतको ह्रास, भूक्षय, बाढीको जोखिम र कृषि उत्पादनमा गिरावट–पहिल्यै महसुस गर्न थालिएको छ।

यादवको ज्ञापनपत्रमा उठाइएका मागहरू कुनै अत्युक्तिपूर्ण आदर्श होइनन्। ती त नीति निर्माताहरूले पहिल्यै तयार गर्नुपर्ने खाका हुन्। खानेपानी व्यवस्थापनका लागि अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन योजनाको निर्माण र कार्यान्वयन, तथा चुरे क्षेत्रको रक्षा गर्न आवश्यक कानुनी र प्रशासनिक संरचना तयार गर्नु राज्यको संवैधानिक जिम्मेवारी हो। यो केवल वातावरणीय संरक्षणको विषय होइन; यो मानव अधिकार, जल अधिकार र भावी पुस्ताको जीवनसँग जोडिएको विषय हो।

यादवले सही नै औंल्याएका छन्–यदि भूमि व्यवस्थापन विधेयकमा चुरे क्षेत्रलाई विशेष संवेदनशील क्षेत्रका रूपमा छुट्टै ध्यान नदिइयो भने यो विधेयक चुरे दोहनलाई वैधानिकता दिने दस्तावेज बन्न सक्छ। सरकारको तर्फबाट यो गम्भीर चिन्तालाई समयमै सम्बोधन गरिएन भने, चुरे मात्र होइन, समग्र मधेशको पारिस्थितिकी प्रणाली नै ध्वस्त हुने सम्भावना टड्कारो देखिन्छ ।

साथै, मधेशलाई सुख्खा, खडेरी र जलसंकटग्रस्त क्षेत्र घोषणा गरिए पनि, त्यसको धरातलीय कार्यान्वयनमा भने अझै कडाइ आउन सकेको छैन । किसानहरू अझै वर्षाको प्रतीक्षामा छन्, राहतका आशामा छन् र क्षतिको क्षतिपूर्तिका लागि आवाज उठाइरहेका छन् । यस्तो अवस्थामा, भूमि विधेयकजस्ता विवादास्पद कानुनी पहलले तिनीहरूको भविष्य अझ अस्थिर बनाइदिने सम्भावना रहन्छ ।

सरकार र नीति निर्माणमा संलग्न सम्पूर्ण तहका सरोकारवालाहरूले याद गर्नुपर्नेछ–चुरेको रक्षा केवल एक भूगोलको सुरक्षा होइन, त्यो त मधेशको जल जीवन र जलसंस्कृतिको सुरक्षा हो। त्यसैले, सुनिल यादवको मौन प्रदर्शनलाई अनदेखा गर्नु आत्मघाती हुनेछ ।

हामी सम्पादकीय तर्फबाट सरकारलाई स्पष्ट रूपमा सुझाव दिन चाहन्छौं–विवादास्पद भूमि व्यवस्थापन विधेयक फिर्ता लिएर पुन: सरोकारवाला, विज्ञ र स्थानीय जनतासँग परामर्श गरियोस्। चुरे क्षेत्रको विशेषता र जोखिमलाई ध्यानमा राखी छुट्टै कानुनी सुरक्षा व्यवस्था गरियोस् । जलस्रोत संरक्षणलाई राष्ट्रिय प्राथमिकतामा राखियोस्, र वातावरणीय न्यायका लागि आवाज उठाउने अभियन्ताहरूको आवाज सुन्ने संयमता अपनाइयोस् ।

किनभने, यदि आज हामी चुरे जोगाउन चुकौं भने, भोलिको मधेश केवल बालुवामा परिणत भएको एउटा भूगोल हुनेछ–जहाँ न पानी हुनेछ, न हरियाली । त्यसकारण, आजैबाट चेतना र चेतावनीलाई गम्भीरतापूर्वक लिनु अत्यावश्यक छ।

# सिनो बहिष्कार आन्दोलन

## महरा समुदायको आत्मसम्मान र अधिकारको ऐतिहासिक संघर्ष



चन्देश्वर सादा

नेपालको सामाजिक संरचना सदियौँदेखि जातीय पदानुक्रममा आधारित रहँदै आएको छ, जहाँ केही जातहरूलाई सधैं माथिल्लो स्थानमा राखियो भने केही जातहरूलाई तल्लो तहमा सीमित गरियो। यही संरचनाभित्र महरा जातिको अस्तित्व विगतदेखि नै हेपिएर, अपमानित भएर, र सामाजिक रूपले बहिष्कृत भएर हुर्किएको छ। महरा जातिका मानिसहरूलाई परम्परागत रूपमा समाजले 'अस्पृश्य' को रूपमा व्यवहार गर्दै आएको छ। उनीहरूलाई सधैं मरेका जनावरको छाला उधिन्ने, सिनो उठाउने, र सफाइ गर्नेजस्ता काममा मात्र सीमित गराइएको थियो। यस्तो अपमानजनक पेसामा जबर्जस्ती बाँधिएर उनीहरूलाई न आर्थिक रूपले स्वतन्त्र बन्न दिइयो, न शैक्षिक रूपले, न नै सामाजिक रूपले सम्मानित नागरिक बन्ने अवसर दिइयो ।

जब कुनै समुदायलाई पुस्तौंदेखि अपमानमा बाँच्न विवश गरिन्छ, तब त्यो समुदायमा विद्रोहको भावना जन्मिन्छ। यही विद्रोहको एक अभिव्यक्ति थियो–सिनो बहिष्कार आन्दोलन। महरा समुदायले अब आफूलाई 'सिनो' मा सीमित गर्न सक्दैन भनेर घोषणा गऱ्यो। यो घोषणा केवल पेशाविरुद्धको अस्वीकार मात्र थिएन, यो आफूलाई असहाय, अपमानित र असमान मान्ने दृष्टिकोणका विरुद्ध एउटा शक्तिशाली विद्रोह थियो। जुगा महराको नेतृत्वमा सुरु भएको यो आन्दोलन महरा समुदायको आत्मसम्मान पुन:स्थापना गर्ने एक ऐतिहासिक मोर्चा बन्यो ।

यस आन्दोलनले महरा समुदायभित्र गहिरो चेतनाको हुरी ल्यायो। सधैं दबिएको समुदाय एकाएक एकताको सूत्रमा बाँधियो। सिनो उठाउने कार्यलाई बहिष्कार गरियो। पेसाबाट मुक्ति पाएर समुदायले वैकल्पिक जीवनको बाटो खोज्न थाले–कसैले कृषि सुरु गरे, कसैले मजदुरीमा लागे, कसैले साना व्यापार थालनी गरे। यो आत्मनिर्भरतातर्फको पहिलो पाइला थियो। शिक्षा प्राप्ति पनि आन्दोलनको एउटा मुख्य पक्ष बन्न पुग्यो। आफ्ना सन्तानलाई विद्यालय पठाउने आँट जाग्यो। गाउँगाउँमा सामुदायिक छलफल र चेतनामूलक कार्यक्रम सुरु भए ।

यस आन्दोलनले सामाजिक संरचनामा केही सकारात्मक तर गहिरा असरहरू पारे। महरा समुदायले पहिलोपटक आत्मसम्मानसँगै बाँच्ने अधिकार खोज्न सुरु गऱ्यो। छुवाछूतको अभ्यास केही हदसम्म घट्यो, कम्तीमा जागरूक समुदाय र शहर-नगरतिर । राज्यको स्तरमा पनि दलित अधिकारलाई केही प्राथमिकता दिइन थाल्यो–दलित कल्याण कार्यक्रम, छात्रवृत्तिहरू, सीपमूलक तालिमहरूजस्ता पहलहरू भए। यद्यपि यी सबै प्रयासहरू पर्याप्त थिएनन्, तर सुरुवातका रूपमा मूल्यवान् थिए ।

सिनो बहिष्कार आन्दोलनले महरा जातिको चेतना मात्रै होइन, सम्पूर्ण दलित समुदायको आत्मविश्वास पनि जगायो। यसले संकेत गऱ्यो कि सँगै मिलेर आवाज उठाउँदा परिवर्तन सम्भव छ। आन्दोलनको प्रभावमा महरा समुदायका व्यक्तिहरू स्थानीय तहको राजनीतिमा पनि देखा पर्न थाले। नागरिक अधिकारप्रति जागरूकता बढ्यो, संविधानले दिएको अधिकारको माग गर्न सक्ने आँटको विकास भयो ।

तर आन्दोलनले जितेका सबै उपलब्धिहरू पूर्ण समानताको पर्याय भने होइनन्। अझै पनि समाजका धेरै तहहरूमा महरा जाति र अन्य दलित समुदायहरू विभेदको शिकार छन्। सहरभन्दा टाढा रहेका ग्रामीण बस्तीहरूमा छुवाछूत, अपमान र अवसरहीनता कायम छ। शिक्षा र स्वास्थ्यमा पहुँचमा सुधार देखिए पनि गुणस्तरको सवालमा अवस्था चुनौतीपूर्ण छ। वैकल्पिक पेशामा लागे पनि पर्याप्त सीप र पुँजी अभावका कारण आर्थिक सशक्तीकरण पूर्ण रूपमा सफल भएको भन्न सकिँदैन ।

त्यसैले सिनो बहिष्कार आन्दोलन केवल इतिहासको एउटा अध्याय होइन, यो वर्तमान र भविष्यको दिशानिर्देशक पनि हो। यसले हामीलाई सम्झाउँछ–समानताको लडाइँ केवल कानुनी दस्तावेजमा सीमित रहँदैन, त्यो व्यवहार र चेतनामा रूपान्तरण हुनुपर्छ। जुगा महराको नेतृत्वमा सुरु भएको यो संघर्षले नेपाललाई सामाजिक न्यायको पाठ सिकायो, तर त्यो पाठ पढिसकिएको छैन–अझै पढिँदैछ, अझै सिकिँदैछ।

जबसम्म समाजले हरेक व्यक्तिलाई जात, पेसा र पहिचानको आधारमा होइन, मानवताको आधारमा हेर्ने दृष्टि विकास गर्न सक्दैन, तबसम्म महरा समुदायको संघर्ष बाँकी छ। यो आन्दोलनले हामी सबैलाई सचेत गराउँछ–समाज तबसम्म सभ्य बन्न सक्दैन, जबसम्म कुनै एक समुदाय आफ्नो अस्तित्वको लागि अपमानको विरुद्ध लड्न बाध्य छ। समानता र आत्मसम्मानका लागि गरिएको सिनो बहिष्कार आन्दोलन त्यसैले केवल महरा समुदायको संघर्ष होइन, यो सम्पूर्ण मानव सभ्यताको चुनौतीको उत्तर हो ।

# आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१–५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा–१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१–५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१–५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१–५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१–५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१–५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१–५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१–५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१– |
| मुजेलिया प्रहरी चौकी | ०४१–५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१–५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१–५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१–५२०३९७ |
| बच्छार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१– |
| बरुण यन्त्र जउमनपा | ०४१–५२००११ |
| बस पार्क | ०४१–५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१–५२००४४ |
| बुद्ध एयर | ०४१–५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१–५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१–५२०१५१ |
| जानकी केवुल | ०४१–५२३७२८ |
| शाह केबुल | ०४१–५२४७२२ |

# कपा एकता प्रयासमा प्रचण्डको पहल, माधव नेपालको सावधानी





काठमाडौं १४ साउन।
शनिबार खुमलटारस्थित निवासमा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' र नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालबीच लामो भलाकुसारी भयो। उक्त भेटमा अध्यक्ष प्रचण्डले जतिसक्दो चाँडो पार्टी एकता गर्ने अध्यक्ष नेपाललाई प्रस्ताव राखेका थिए।

प्रचण्ड निकट एक नेताका अनुसार, अध्यक्ष नेपाल एकताका लागि उत्साहित देखिए। उनले आफू सकारात्मक रहेको र पार्टीभित्रका अन्य नेतासँग सल्लाह गरेर फेरि छलफल गर्ने बताएका थिए। ती नेताका शब्दमा, 'दुवै नेताबीच आन्तरिक संकट र पार्टीलाई कसरी मजबुत बनाउने विषयमा गम्भीर कुराकानी भयो।'तर आइतबार भएको दोस्रो भेटमा अध्यक्ष नेपालले तत्काल पार्टी एकता गर्नुभन्दा कार्यगत एकता गर्दै अघि बढ्नुपर्ने धारणा राखे। उनले भने, "अहिले माओवादीसँग एकता गर्दा हाम्रा कतिपय कार्यकर्ता फेरि एमालेतिर फर्कने सम्भावना छ, त्यसैले बरु कार्यगत एकताबाट अघि बढौं।"

त्यस भेटमा अध्यक्ष नेपालले समाजवादी मोर्चालाई बलियो बनाउने प्रस्तावसमेत राखेका थिए। नेकपा समाजवादीका उपाध्यक्ष प्रकाश ज्वालाले माओवादी केन्द्रबाट पार्टी एकताको प्रस्ताव आएको पुष्टि गरे। उनले भने, "हामीले त्यस विषयमा अझै ठोस निष्कर्ष निकालेका छैनौं, बरु समाजवादी मोर्चालाई कसरी प्रभावकारी बनाउने भन्ने विषयमा छलफल भइरहेको छ।"

*विगतका असफल प्रयास र वर्तमान दौडधुप*

तीन वर्षअघि पनि यी दुई पार्टीबीच एकता प्रयास भएको थियो। त्यसबेला दुवै पक्षबाट कार्यदल गठन गरिएको थियो, तर त्यो कार्यदल निष्क्रिय बनेर एकता प्रक्रिया अघि बढ्न सकेन।

यसपटक अध्यक्ष प्रचण्डले माधव नेपालसँग औपचारिक छलफल गर्नुअघि उपाध्यक्ष कृष्णबहादुर महरालाई संयोजनकर्ताका रूपमा खटाएका थिए।

माओवादी केन्द्र समाजवादीसँग एकता किन चाहन्छ?

*संसदमा हैसियत बलियो बनाउने लक्ष्य*

समाजवादी पार्टीसँग प्रतिनिधिसभामा अध्यक्ष नेपालसहित १० जना र राष्ट्रिय सभामा बामदेव गौतमसहित ९ जना सांसद छन्। पार्टीले अधिकांश जिल्लामा संगठन विस्तार गरिसकेको छ र अधिकांश प्रदेशमा अधिवेशन सम्पन्न भइसकेको छ। यसै कारण प्रचण्डको बुझाइमा समाजवादीसँगको एकताले माओवादी केन्द्रको संसद तथा संगठन दुवैमा हैसियत वृद्धि हुन्छ।

*आन्तरिक संकटको व्यवस्थापन*

गत पुसमा माओवादी केन्द्रको केन्द्रीय कमिटी बैठकले "जनतासँग माओवादी" अभियान सञ्चालन गरी त्यसपछि महाधिवेशनमा जाने निर्णय गरेको थियो। तर अहिले सम्म स्थायी समिति बैठकसमेत बसेको छैन।

पार्टीका उपमहासचिव जनार्दन शर्मा रूपान्तरणको पक्षमा स्पष्ट रूपमा उभिएपछि नेतृत्वप्रति असन्तुष्टि बढेको देखिन्छ। शर्माको संगठनमा गहिरो पकड रहेकाले प्रचण्डलाई नेतृत्वमा चुनौती महसुस भएको छ।

यस्तो अवस्थामा 'निरन्तरतामा क्रमभंग' गर्ने प्रचण्डको शैली अनुसार, समाजवादीसँग एकता गरेर त्यसलाई 'एकता महाधिवेशन'को रूपमा अगाडि बढाउने योजना बनाइएको छ।

एक स्रोतले भन्यो, "एकता गरेपछि महाधिवेशन भन्दै नेतृत्व चयनको विषयलाई टार्न सकिन्छ। यसो गर्दा प्रत्यक्ष निर्वाचनको मागसमेत समयमै रोक्न सकिन्छ।"

*विप्लवप्रति प्रवेश निषेध*

अघिल्लो चरणमा प्रचण्डले विप्लव नेतृत्वको नेकपासँग एकता गर्ने इच्छा राखेका थिए। उनले सार्वजनिक रूपमा पनि पुराना माओवादी धारहरूबीच एकता आवश्यक भएको भन्दै मन्तव्य दिएका थिए।तर अहिले भने उनको सोच फेरिएको देखिन्छ। प्रचण्ड निकट एक नेताका अनुसार, उपमहासचिव जनार्दन शर्मा र विप्लवबीचको बढ्दो निकटताले प्रचण्डलाई असहज बनाएको छ। 'विप्लव आएमा शर्मा र उहाँ मिलेर नेतृत्वलाई चुनौती दिन सक्छन् भन्ने बुझाइ अध्यक्षको छ,' ती नेताले भनेस्रोतका अनुसार, 'यी दुवै नेताहरू प्रधानमन्त्रीसँग पनि नजिक छन् भन्ने बुझाइ अध्यक्ष्यूको छ' नेकपा माओवादी केन्द्र अध्यक्ष प्रचण्डको समाजवादीसँग एकता गर्ने प्रयास रणनीतिक रूपमा दुई तहमा केन्द्रित देखिन्छ–संसदीय बल विस्तार र आन्तरिक असन्तुष्टि नियन्त्रण। तर माधव नेपालको सतर्कता र जनार्दन शर्मा-विप्लव समीकरणले यो योजना सहज बन्न दिइरहेको छैन। एकता प्रयास सफल हुने हो भने माओवादी केन्द्रमा नेतृत्व चयनको प्रक्रिया टार्ने, संगठनलाई एकीकृत गर्दै शक्ति सन्तुलन कायम गर्ने र संसदमा प्रभावशाली उपस्थिति बनाउने मार्ग खुल्नेछ। नभए, यसले प्रचण्ड नेतृत्वका लागि थप चुनौती मात्र निम्त्याउनेछ।

# घुसपैठ गर्न खोजिरहेका दुई आतङ्कारी मारिए : भारतीय सेना



एजेन्सी
श्रीनगर १४ साउन। जम्मू कश्मीरको पुंछमा नियन्त्रण रेखा (एलओसी) नजिक घुसपैठ गर्न खोजिरहेका दुई आतङ्कारी मारिएको भारतीय सेनाले जानकारी दिएको छ। अधिकारीहरूका अनुसार सीमामा तैनाथ सैनिकहरूले मंगलबार राति देगवार सेक्टरको मालदिवलन क्षेत्रमा शङ्कास्पद गतिविधि देखे। त्यसपछि मुठभेड सुरु भयो। यो अपरेसनलाई 'शिवशक्ति' नाम दिइएको थियो। आतङ्कारीहरूबाट ३ वटा हतियार र गोला बारुद पनि बरामद गरिएको थियो।

यो पछिल्लो तीन दिनमा सेनाको दोस्रो मुठभेड हो। जुलाई २८ मा, सुरक्षा बलले श्रीनगरको दाचिगाम राष्ट्रिय निकुञ्ज नजिकै हरवन क्षेत्रमा तीन पाकिस्तानी आतङ्कारीहरूलाई मारेको थियो। गृहमन्त्री अमित शाहले जुलाई २९ मा लोकसभामा मारिएका आतंककारीहरूमध्ये एक पहलगाम आक्रमणका मुख्य अभियुक्त सुलेमान रहेको बताएका थिए। बाँकी दुई आतङ्कारीहरूको पहिचान जिब्रान र हमजा अफगानीको रूपमा गरिएको छ। जिब्रान २०२४ मा सोनमर्ग सुरुङ परियोजनामा भएको आक्रमणमा संलग्न थिए। आतंककारीहरूबाट अमेरिकी एम४ कार्बाइन, एके४७ र १७ राइफल तथा ग्रिनेड बरामद गरिएको थियो। यसलाई अपरेसन महादेव नाम दिइएको थियो। एक हप्ताअघि, सुरक्षा बललाई श्रीनगरको दाचिगाम जंगलमा आतंककारीहरूको उपस्थितिको बारेमा गुप्तचर सूचना प्राप्त भएको थियो।

# अस्ट्रेलियाको पहिलो कक्षीय रकेट १४ सेकेन्डमै दुर्घटनाग्रस्त

वेलिङ्टन, १४ साउन। देशको माटोबाट कक्षमा पुग्ने प्रयासमा अस्ट्रेलियामा निर्मित पहिलो रकेट बुधवार १४ सेकेन्डको उडानपछि दुर्घटनाग्रस्त भएको छ।

गिलमोर स्पेस टेक्नोलोजीद्वारा प्रक्षेपण गरिएको एरिस रकेट देशबाट उडान भर्ने पहिलो अस्ट्रेलियामा डिजाइन र निर्माण गरिएको परिक्रमा प्रक्षेपण यान थियो र साना उपग्रहहरूलाई कक्षमा लैजानका लागि डिजाइन गरिएको थियो।

यसले बुधबार बिहान स्थानीय समयमा क्विन्सल्यान्ड राज्यको उत्तरी भागमा रहेको सानो सहर बोवेन नजिकको स्पेसपोर्टबाट परीक्षण उडानमा प्रक्षेपण गरेको थियो।

अस्ट्रेलियाली समाचार आउटलेटहरूद्वारा प्रकाशित भिडियोहरूमा २३ मिटर (७५ फिट) रकेट प्रक्षेपण टावरलाई खाली गरेको देखिन्छ र दृष्टिबाट बाहिर खस्नुअघि हावामा उडिरहेको देखिन्छ। घटनास्थल माथि धुवाँको लहरहरू उठेको थियो।

हताहतको कुनै भएको खबर आएको छैन।

कम्पनीले फेसबुकमा पोस्ट गरेको वक्तव्यमा प्रक्षेपणलाई सफलताको रूपमा स्वागत गरेको छ। एक प्रवक्ताका अनुसार सबै चार हाइब्रिड-चालित इन्जिनहरू प्रज्वलित भए र पहिलो उडानमा २३ सेकेन्ड इन्जिन बलेको समय र १४ सेकेन्डको उडान समावेश थियो।

गिलमोर स्पेस टेक्नोलोजीजले मे र यस महिनाको सुरुमा रकेटको अघिल्लो प्रक्षेपणहरूको योजना बनाएको थियो, तर प्राविधिक समस्या र खराब मौसमका कारण ती कार्यहरू रद्द गरेको थियो।

सिइओ एडम गिलमोरले एक विज्ञप्तिमा रकेट लन्चप्याडबाट निस्किएकोमा खुसी भएको बताउनुभयो।

"निस्सन्देह म अधिक उडान समय मन पराउँथे तर यसबाट खुसी भएँ", उहाँले लिङ्कइनमा लेख्नुभयो। गिलमोरले फेब्रुअरीमा एक निजी रकेट कम्पनीले आफ्नो पहिलो प्रयासमा सफलतापूर्वक कक्षमा प्रक्षेपण गर्नु 'लगभग नसुनिएको' कुरा थियो।

रकेटले जमिन छोडेमा प्रक्षेपणलाई सफल मान्ने कम्पनीले पहिले नै बताएको थियो। "प्रक्षेपण स्थलको पूर्वाधार 'अक्षुण्ण रह्यो'", विज्ञप्तिमा भनिएको छ।

स्थानीय ह्विटसन्डे क्षेत्रीय काउन्सिलका मेयर राई कोलिन्सले यान कक्षमा नपुगे पनि पूरा भएको प्रक्षेपण 'ठूलो उपलब्धि' थियो भन्नुभयो।

"यो हाम्रो क्षेत्रमा भविष्यको व्यावसायिक अन्तरिक्ष उद्योगको विशाल छलाङतर्फको महत्वपूर्ण पहिलो कदम हो", उहाँले फेसबुकमा लेख्नुभयो।

गिलमोर स्पेस टेक्नोलोजीजसँग निजी कोषकर्ताहरू छन् र यस महिना एरिस रकेटको विकासका लागि देशको सङ्घीय सरकारबाट ५० लाख अस्ट्रेलियन डलर (३२ लाख अमेरिकी डलर) अनुदान प्रदान गरिएको थियो। यसले अस्ट्रेलियामा नयाँ अन्तरिक्ष प्रविधिहरूको विकास र व्यावसायीकरणलाई अगाडि बढाउन सन् २०२३ मा सरकारसँग फर्मको पाँच करोड २० लाख अस्ट्रेलियन डलर अनुदान सम्झौतालाई पछ्याएको थियो।

एरोस्पेस समाचार प्लेटफर्म नासास्पेसफ्लाइटका अनुसार यो देश सयौं उप-कक्षीय वाहन प्रक्षेपणको स्थल भएको छ तर अस्ट्रेलियाबाट कक्षमा दुईवटा मात्र सफल प्रक्षेपण भएको छ। पहिलो एरिस परीक्षण उडान ५० वर्षभन्दा बढी समयमा अस्ट्रेलियाबाट पहिलो कक्षीय प्रक्षेपण प्रयास थियो। (रासस/एपी)

# चुरे दोहनको प्रतिफल: खडेरीको त्रास र जलस्रोतको विनाश

दैनिक समाचारदाता
सप्तरी, साउन १४ गते। चुरे दोहन तथा अनियन्त्रित ढुङ्गागिट्टी उत्खननले भूमिगत जल सतह दिनप्रति दिन तल भासिँदै गएपछि मधेश प्रदेश अहिले खडेरीको चपेटामा परेको छ।

भूमिगत जल सतह घट्दा ट्यूबवेल र बोरिङको समेत पानी सुक्दा मधेस प्रदेशमा पानीको हाहाकार भएको छ। मधेस प्रदेश सरकारले दमकलमार्फत प्रदेशवासीको घर घरमा खानेपानी आपूर्ति गरिरहेको छ। तर चुरे दोहन र अनियन्त्रित ढुङ्गागिट्टी उत्खननमा रोक लगाउन सकेको छैन।

यसले अझै खानेपानीको भयावह अवस्था सृजना हुने अवस्थामा पनि प्रदेश सरकारको चुरे संरक्षणमा ध्यानाकर्षण हुन नसकेको स्थानीय अभियन्ता राजु जयसवाल बताउँछन्। उहाँले साउन र भदौ महिनाभरि नदीजन्य पदार्थ उत्खनन तथा सङ्कलन कानुनले प्रतिबन्ध लगाएको अवस्थामा पनि निर्बाध रुपमा उत्खनन भइरहेको बताउनुहुँदै सम्बन्धित सरोकारवाला निकाय मौन छन्। लामो समयदेखि वर्षा नभएको र चुरे दोहन र अनियन्त्रित ढुङ्गागिट्टी उत्खननले किसानहरुले सिँचाइका लागि जडान गरेको बोरिङमा समेत पानी आउन छोडिएपछि धान रोपाईं हुन नसकेको स्थानीय हरि यादव बताउँछन्।

मधेस प्रदेशको आठ जिल्लामा सिँचाइका लागि सप्तरीमा चन्द्र नहर, कोशी पम्प नहर, सिराहा र धनुषामा कमला नहर, रौतहट-सर्लाहीमा बागमती नहर तथा कुलो, पैनीबाट मात्रै सतह सिँचाइको व्यवस्था छ। यो नहरको पानीले मधेस प्रदेशस्थित खेतीयोग्य जग्गाको थोरै क्षेत्रफलमा सिँचाइ हुने गरेको किपिल सरदार बताउँछन्।

उहाँले मधेस प्रदेशका किसान आकाशे पानी र भूमिगत सिँचाइ प्रणालीबाट खेती गर्दै आएको बताउनुभयो। लामो समयदेखि वर्षा नभएको र चुरे दोहनले भूमिगत जल सतह तल भासिँदै गएकोले मधेस प्रदेशका किसानहरु खडेरीबाट त्राहिमामको अवस्थामा पुगेको सरदार बताउँछन्।

मधेस सरकारले चुरे संरक्षणका लागि विशेष नीति, योजना र कार्यक्रम ल्याएर कडाइका साथ कार्यान्वयन गर्नुपर्ने अवस्था भएको कानुन कार्यान्वयनमा चासो देखाएको छैन तर दमकलमार्फत खानेपानी आपूर्तिको नाटक मञ्चन गरिरहेको स्थानीय बुद्धिजीवी सूर्यनारायण यादव बताउँछन्।

सिराहा जिल्लास्थित गागन, घुर्मी, सरें, सहजा, बतहा, जिवा, भेडवा, मैनवती, कमला, बलान, खुट्टी खोलाका साथै वन क्षेत्रबाट समेत कानुनविपरीत यतिखेर अवैध रुपमा नदीजन्य पदार्थ उत्खनन तथा संकलन भइरहेको स्थानीय रामविनय महतो बताउँछन्।

उहाँले वन कर्मचारी, स्थानीय प्रशासन र स्थानीय निकायको मिलेमतोमा तस्करहरुले निर्बाध रुपमा ढुङ्गागिट्टी उत्खनन गरिरहेको दृश्य जताततै हेर्न पाइन्छ।

जिल्लास्थित खोला,नदी र चुरे क्षेत्रमा तस्करहरुले एक्जाभेटर लगाएर अनियन्त्रित रुपमा ढुङ्गागिट्टी, बालुवा उत्खनन गरिरहे पनि सरोकारवाला मौन छन्। चुरे दोहन नियन्त्रणमा देखिएको उदासीनताले मधेसप्रतिको मधेसी राजनीतिक दल लगायतको हेर्ने दृष्टिकोण तथा सरकारी नीति र नियत उजागर भएको हो।

ढुङ्गागिट्टीका तस्करको प्रभावमा यिनीहरु मौन रहेकाले मधेसमा खडेरीको कारण खानेपानीको हाहाकार निम्तिन पुगेको उहाँको भनाइ छ। स्थानीय महतोको




अनुसार सिराहाको बन्दीपुर, चोहर्वा, गोलबजारलगायतको क्षेत्रमा वन क्षेत्रमा नै अहिले पनि ढुङ्गागिट्टी उत्खनन भइरहँदा पनि वन कर्मचारी मौन हुनुमा संलग्नताको आशङ्का छ।

सिराहा जिल्लाका सब डिभिजन वन कार्यालय चोहर्वाका सहायक वन अधिकृत आबेद हुसेन, सब डिभिजन वन कार्यालय धनगढीका सहायक वन अधिकृत चन्देश्वर यादवलगायत सब डिभिजन प्रमुखमार्फत ढुङ्गागिट्टी तस्करबाट अवैध रकम असुली गर्दै आएकोले चुरेमा अनियन्त्रित उत्खनन भइरहेको स्थानीय महतोको आरोप छ। वन कार्यालयका कर्मचारीहरुले अवैध रकम असुली गरेर वनमा गस्ती नगर्दा चोरी, तस्करीसँगै ढुङ्गागिट्टी, ग्राभेलको अवैध उत्खनन र निकासी भइरहेको स्थानीय महतोले आरोप लगाएको छ।

सब डिभिजन वन कार्यालय चोहर्वाका प्रमुख सहायक वन अधिकृत हुसेनले वन क्षेत्रमा उत्खनन भइरहेको सूचना आफूहरुलाई नरहेको दाबी गरेका हुन्। यस्तै दाबी अन्य सहायक वन अधिकृतहरुको समेत छ।

डिभिजन वन कार्यालय लहान सिराहाका प्रमुख शैलेन्द्रकुमार मिश्रले वन क्षेत्रमा अवैध उत्खनन भइरहेको सूचना प्राप्त भए तत्काल कारवाहीको दायरामा ल्याउने दाबी गरेका छन्। उहाँले वन क्षेत्र भित्रमा उत्खनन भइरहेको सूचना आफूहरुलाई नरहेको दाबी गर्नुभयो।

मधेस प्रदेशका वन तथा वातावरणमन्त्री संजयकुमार यादवले ढुङ्गागिट्टी उत्खनन र निकासीमा स्थानीय तह, स्थानीय प्रहरी, प्रशासनसमेत जोडिएकोले यो अत्यन्तै संवेदनशील विषय भएको बताउनुभयो। उहाँले वन क्षेत्रमा भइरहेको उत्खनन तत्काल रोक्न निर्देशन दिने प्रतिबद्धता व्यक्त गर्नुभयो।

यसैबिच चुरे दोहनको कारण मधेश प्रदेश अहिले खडेरीको चपेटामा परेको छ। धान रोप्ने समयमा वर्षा नभएपछि अहिलेसम्म खेती हुन सकेको छैन भने कतिपय स्थानमा खाने पानीको समेत चरम अभाव देखिएको स्थानिय वासुदेव यादव बताउनुहुन्छ।

उहाँले अहिले मधेस प्रदेशका विभिन्न पालिकामा खाने पानीको चरम अभाव देखिएको छ। खानेपानीको अभाव देखिएका पलिकाहरुमा नेपाली सेना, स्थानीय सरकार तथा खानेपानी संस्थानले पानी वितरण गर्दै आएको बताउनुभयो। चुरे दोहन तथा अनियन्त्रित ढुङ्गागिट्टी उत्खननले भूमिगत जल सतह दिनप्रतिदिन तल भासिँदै जाँदा मधेश प्रदेश अहिले खडेरीको चपेटामा परेपछि सरकारले सुख्खाग्रस्त क्षेत्र घोषणा गरेको छ भने सङ्घीय सरकारले सङ्कटग्रस्त क्षेत्र घोषणा गरेको छ।

# नेपालको जलवायु न्यायको विषयलाई अन्तरराष्ट्रिय जगतमा उठाइरहेका छौँ : मन्त्री देउवा




गण्डकी, १४ साउन । परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले नेपालले अन्तरराष्ट्रिय जगतमा जलवायु न्यायको विषयलाई सशक्त ढङ्गले उठाउँदै आएको बताउनुभएको छ । नेपाल तरुण दल कास्कीद्वारा आज पोखरामा आयोजित 'नेपालको परराष्ट्रनीति, जलवायु परिवर्तन एवं तरुण युवाहरुको सरोकार विषयक संवाद कार्यक्रम'मा उहाँले नेपाललाई जलवायुजन्य हानिनोक्सानीसम्बन्धी अन्तरराष्ट्रिय कोषबाट क्षतिपूर्ति दिनुपर्ने धारणा राख्नुभयो ।

सो विषयमा हालै अन्तरराष्ट्रिय न्यायिक अदालतमा समेत नेपालका पक्षबाट आफूले आवाज उठाएको उल्लेख गर्दै मन्त्री देउवाले विकसित देशले गरिरहेको कार्बन उत्सर्जनको नकारात्मक असर नेपालले भोग्नुपरिरहेको बताउनुभयो । "हामीलाई हानिनोक्सानी कोष दिनुपर्ने, बाढीपहिरोले भत्केका पुल, विद्यालयजस्ता भौतिक संरचना बनाइदिनुपर्ने विषयमा जोडका साथ उठाएका छौँ", उहाँले भन्नुभयो, "नेपालले पनि कार्बन उत्सर्जनलाई शून्यमा झार्नुपर्छ, अहिले रहेको ४५ प्रतिशत वन क्षेत्रलाई अझ बढाउन वृक्षरोपण अभियान सञ्चालन गर्नुपर्छ ।"

उहाँले जलवायु परिवर्तनले ठूलो चुनौती निम्ताएको जनाउँदै यसको जोखिम न्यूनीकरणमा नयाँ पुस्ताको भूमिका महत्वपूर्ण हुने बताउनुभयो । पछिल्लो समय जलवायु परिवर्तनले पारेका असरबारे जनगुनासो धेरै आउने गरेको मन्त्री देउवाको भनाइ छ । जलवायु परिवर्तनको असरबाट आउने पिँढीलाई बचाउन वृक्षरोपण गर्नुपर्ने, प्लाष्टिकको प्रयोग कम गर्नुपर्ने, विद्युतीय गाडी तथा नवीकरणीय ऊर्जाको प्रयोगलाई बढाउनुपर्ने उहाँले बताउनुभयो । मन्त्री देउवाले नेपाल भूराजीतिक हिसाबले संवेदनशील र रणनीतिक महत्वको भूगोलमा रहेको बताउनुभयो ।

स्थिर परराष्ट्र नीतिका कारण नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता विश्वमाझ स्थापित बनेको उहाँको भनाइ छ । "नेपालको आफ्नै परराष्ट्र नीति छ, विश्व समुदायमा आफ्नै पहिचान छ, यसलाई विगतदेखि नै हामीले कायम गर्दै आएका छौँ, यो हामी सबैको गौरवको विषय हो", मन्त्री देउवाले भन्नुभयो, "हाम्रो कूटनीति र अन्तरराष्ट्रिय सम्बन्धका कारण विदेशी मुलुकहरुले नेपाललाई उच्च सम्मान दिने गरेका छन् ।"

कार्यक्रममा राष्ट्रियसभा सदस्य एवं नेपाल तरुण दलका निवर्तमान केन्द्रीय अध्यक्ष जितजङ्ग बस्नेतले तरुण दलका सबै तहका अधिवेशन समयमा सम्पन्न गर्न आग्रह गर्नुभयो । उहाँले सरकार गठनका बेला कांग्रेस र नेकपा (एमाले)बीच भएको सात बुँदे सम्झौता कार्यान्वयनमा जोड दिनुभयो । नेपाल तरुण दलका अध्यक्ष विद्वान गुरुङले विपद्का बेला राहत तथा उद्धारमा खट्न तरुण दलका सदस्यलाई आग्रह गर्नुभयो । रासस

# मापदण्डविपरीत सञ्चालित उद्योगमा कारबाही



सिरहा, १४ साउन । लहानमा मापदण्डविपरीत सञ्चालन भएका पिउने पानी प्रशोधन उद्योग कारबाहीमा परेका छन् । इलाका प्रशासन कार्यालयको नेतृत्वमा मङ्गलबार भएको संयुक्त अनुगमनमा चारवटा उद्योगलाई रु पाँच हजारका दरले जरिवाना गरिएको हो ।

लहान-१ स्थित 'सीता मिनीरल वाटर इन्डष्ट्री' तथा 'फ्रेण्डस इन्टरनेसनल नेपाल', लहान-३ को 'केबी एण्ड सन्स नेपाल' र धनगढीमाई-१० को 'केएल मिनीरल वाटर'लाई कारबाही गरिएको इलाका प्रशासन कार्यालयका प्रशासकीय अधिकृत सन्तोष रायले जानकारी दिनुभयो ।

संयुक्त अनुगमन टोलीमा लहान नगरपालिका, खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराज र घरेलु तथा साना उद्योग कार्यालयका प्रतिनिधि सहभागी थिए । रासस

# जनकपुरधाममा मानव बेचबिखनविरुद्ध दीप प्रज्वलन



दैनिक समाचारदाता
जनकपुरधाम, १४ साउन । मानव बेचबिखनविरुद्ध जनचेतना फैलाउने उद्देश्यले जनकपुरधामको ऐतिहासिक जनकचोकमा दीप प्रज्वलन कार्यक्रम सम्पन्न भएको छ । १९ औं अन्तर्राष्ट्रिय मानव बेचबिखन विरुद्ध दिवसको अवसरमा आयोजित उक्त कार्यक्रममा करिब एक दर्जन सामाजिक संघ(संस्थाहरूको सहभागिता रहेको थियो ।

कार्यक्रमको आयोजना अधिकारकर्मी र नागरिक समाजका अगुवाहरूले गरेका हुन् । उनीहरूका अनुसार, दीप प्रज्वलन प्रतीकात्मक रूपमा मानव बेचबिखनविरुद्धको प्रकाश फैलाउने र समाजमा चेतनाको उज्यालो ल्याउने प्रयास हो ।

नेपालमा मानव बेचबिखन एक गम्भीर र जटिल सामाजिक समस्याको रूपमा विकसित हुँदै गएको छ । पछिल्ला वर्षहरूमा सरकार तथा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ(संस्थाहरूले कानुनी सुधार, पीडितको उद्धार, पुनर्स्थापना तथा जनचेतना अभिवृद्धि अभियान सञ्चालन गरे तापनि मानव तस्करीको सञ्जाल अझ विस्तार भइरहेको छ ।

सरकारी तथ्यांक अनुसार, प्रत्येक महिना सयौंको संख्यामा नेपाली नागरिकहरू(विशेषगरी बालबालिका, किशोरी तथा महिला(भारतको सीमावर्ती नाका हुँदै तेस्रो मुलुकसम्म बेचिने गरेका छन्। मानव बेचबिखनका घटनाहरू गुप्त, संगठित र प्राविधिक रूपमा जटिल बन्दै गएका कारण नियन्त्रण चुनौतीपूर्ण भइरहेको सरोकारवालाहरूको बुझाइ छ ।

मानव बेचबिखन नियन्त्रणमा अवरोध निम्त्याउने प्रमुख कारणहरूमध्ये, खुला सिमाना, कमजोर सीमा सुरक्षातन्त्र, पारम्परिक अनुगमन प्रणाली, राजनीतिक संरक्षण, कानुनी अपव्याख्या र गरिबीलाई प्रमुख कारक मानिन्छ ।

यसै सन्दर्भमा, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) का मधेश प्रदेश संयोजक राजु पासमानले भने, "मानव बेचबिखनको चुनौतीलाई हल गर्न सीमा अनुगमनलाई आधुनिक र प्रविधिमैत्री बनाउनुका साथै नेपाल-भारतबीचको द्विपक्षीय समन्वय र सहकार्यलाई बलियो बनाउनु अपरिहार्य छ ।"

पासमानका अनुसार, मानव बेचबिखनमा परेका व्यक्तिहरूमध्ये धेरैजसो यौन व्यवसायमा जबरजस्ती संलग्न गराइन्छन्। त्यसैगरी वैदेशिक रोजगारीका नाममा पनि अनेक रूपमा मानव तस्करी भइरहेको छ। घरेलु कामदार, मनोरञ्जन क्षेत्र वा अन्य श्रमिकका रूपमा महिलाहरूलाई विदेशी मुलुकहरूमा बाध्यात्मक श्रममा लगिने क्रम रोकिएको छैन।

मानव बेचबिखनको सबैभन्दा उच्च जोखिममा पर्ने समूहहरूमा दलित, मुसहर, थारू, मधेशी तथा अन्य सामाजिक रूपमा पछाडि पारिएका समुदायका किशोरीहरू प्रमुख रूपमा छन्। गाउँघरमा शिक्षा, सीप र अवसरको अभाव, अभिभावकको अशिक्षा तथा गरिबीले गर्दा यी समुदायका किशोरीहरू ललाइफकाइमा पर्न सजिलो हुने अधिकारकर्मीहरू बताउँछन्। कार्यक्रममा सहभागी अधिकांश संघसंस्थाले मानव बेचबिखनविरुद्धको लडाइँलाई राष्ट्रिय अभियानको रूपमा अघि बढाउनुपर्ने धारणा राखे। उनीहरूका अनुसार, समाजमा चेतना फैलाउन मिडिया, स्थानीय सरकार, विद्यालय, समुदाय र धार्मिक संस्थाहरूको भूमिकालाई एकजुट गरिनु अत्यावश्यक छ।

दीप प्रज्वलनसँगै आयोजित छोटो सम्बोधन तथा सांस्कृतिक कार्यक्रममा मानव तस्करीविरुद्धका सन्देशमूलक कविता, गीत तथा नृत्य प्रस्तुत गरिएको थियो ।

मानव बेचबिखनजस्तो अमानवीय अपराधको जरा काट्नका लागि राज्य, नागरिक समाज र आम जनताको सामूहिक पहल र निरन्तर जागरण अपरिहार्य छ। जनकपुरधाममा भएको यो दीप प्रज्वलन कार्यक्रम चेतनाको उज्यालो फैलाउने एउटा सकारात्मक प्रयासको रूपमा लिइएको छ।

# सिरहामा ८० वर्षीय वृद्धको हत्या

दैनिक समाचारदाता
सिरहा, १४ साउन । जिल्लाको धनगढीमाई नगरपालिका-११ आमचोकमा ८० वर्षीय फनिलाल यादवको आफ्नै घरमा सुतिरहेको अवस्थामा धारिलो हतियार प्रहार गरी हत्या गरिएको छ ।

मङ्गलबार राति यादवमाथि अज्ञात समूहले टाउकोमा धारिलो हतियारले आक्रमण गरेका मृतकका छोरा कपिलदेव यादवले जानकारी दिनुभयो । "घरमा सुतिरहेकै बेला बुबामाथि आक्रमणमा भएको हुनसक्छ । बिहान अबेरसम्म नउठेपछि खोजी गर्ने क्रममा उहाँलाई गम्भीर घाइते अवस्थामा फेला पारेका थियौँ", उहाँले भन्नुभयो । घटनापछि उहाँलाई लहानस्थित प्रादेशिक अस्पताल लगिएकामा उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक वीरेन्द्रकुमार पासवानले जानकारी दिनुभयो । यसैबीच, प्रहरी घटनास्थलमा ढिलो पुगेको भन्दै आक्रोशित स्थानीयले पूर्व-पश्चिम राजमार्गअन्तर्गत धनगढी बजार क्षेत्रमा टायर बालेर करिब एक घण्टा सडक अवरुद्ध गरेका थिए ।

प्रहरी नायब उपरीक्षक पासवानका अनुसार घटनाको प्रारम्भिक अनुसन्धानका क्रममा पारिवारिक विवाद वा पुरानो झगडाको आशङ्का गरिएको छ । उहाँले भन्नुभयो, "हत्यासम्बन्धी घटनाको अनुसन्धान तीव्र पारिएको छ, दोषी पहिचान भएसँगै कानुनी कारबाही प्रक्रिया अघि बढाइनेछ ।"

## मानव........................

सम्बन्धी उजुरी परेका र ती सबै फछ्र्यौंट गरिएको जानकारी दिनुभयो । खुला सीमा नाकाको कारण बेचबिखनका घटना भइरहेका र पीडितहरूको उद्दार कार्य जिल्ला प्रशासनले गरिरहेको बताउँदै उहाँले भारतसँग सुपुर्दगी सन्धीको खाँचो औंल्याउनुभयो ।

मधेश प्रदेश सभाका सचिव विमल प्रसाद बरालले पनि गरिबी, अशिक्षा र बेरोजगारीले मानव बेचबिखनजस्ता सामाजिक समस्या सिर्जना गरिरहेको बताउँदै गाउँस्तरसम्म आर्थिक सशक्तिकरण र सचेतना अभियान सञ्चालन गर्नुपर्नेमा जोड दिनुभयो ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका कानुन सचिव राजन नेपालले मानव बेचबिखन अब संगठित अपराधको रूपमा देखिन थालेकाले यसको न्यूनीकरणका लागि सम्बन्धित सबै निकायबीच समन्वय र सहकार्य अपरिहार्य रहेको धारणा व्यक्त गर्नुभयो ।

राष्ट्रिय मानव अधिकार आयोगका सचिव मुरारी खरेलले मानव बेचबिखन प्रविधिमा आधारित नयाँ स्वरूपमा फैलिरहेको भन्दै यसलाई नियन्त्रण गर्न संघ, प्रदेश र स्थानीय सरकारबीचको समन्वय र स्पष्ट कानुनी तथा नीतिगत व्यवस्था आवश्यक रहेको बताउनुभयो ।




'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४